श्री सर्वोच्च अदालतमा चढाएको

निवेदन पत्र

विषय : प्रतिषेध एवं उत्प्रेषण लगायत अन्य उपयुक्त आदेश जारी गरी पाउँ ।

का.जि.का.म.न.पा. वडा नं. ३१ बस्ने वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी ..........१ निवेदक

विरुद्ध

राष्ट्रपतिको कार्यालय, शीतलनिवास, महाराजगंज, काठमाडौं ........................१

नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवार काठमाडौं १

नेपाल सरकार, गृह मन्त्रालय, सिंहदरवार, काठमाडौं ................................१

नेपाल सरकार, कारागार व्यवस्थापन विभाग, कालिकास्थान काठमाडौं ...........१ बिपक्षी

जिल्ला प्रशासन कार्यालय, बबरमहल काठमाडौं .......................................१

कारागार कार्यालय, डिल्लीबजार काठमाडौं...............................................१

ओखलढुंगा जिल्ला पोकलि गा. वि. स. २, लेति घर भई हाल डिल्ली बजार

कारागारमा कैदमा रहेका बालकृष्ण ढुंगेल .............................................१

मुद्दा : प्रतिषेश, उत्प्रेषण समेत

म निवेदक निवेदन वापत लाग्ने निवेदन दस्तुर रु. ५००।- यसै साथ राखी निम्नलिखित निवेदन गर्दछु ।

१. म निवेदक वरिष्ठ अधिवक्ता हुँ र लामो समय देखी कानूनी शासन तथा मानव अधिकारको क्षेत्रमा केन्द्रित भै कानून व्यवसाय गर्दै आएको छु । कानूनी शासन, संवैधानिक सर्वोच्चता, सामाजिक न्याय, स्वतन्त्र र सक्षम न्यायपालिका, आधारभूत मानव अधिकार जस्ता विषयमा मेरो चासो र सरोकार हुनुको साथै यस्ता विषयमा अदालतलाई सहयोग गर्नु हाम्रो कर्तव्य र दायित्व भएको हुँदा यस अघि पनि यस्ता कार्यमा अदालतलाई सहयोग गर्दै आएको छु । निज बालकृष्ण ढुंगेलले उज्जन कुमार श्रेष्ठको कर्तब्य ज्यान मुद्दामा सम्मानित सर्वोच्च अदालतबाट भएको फैसलालाई अपमान गर्नुका साथै सर्वोच्च अदालतका पूर्व र तात्कालिन वहालवाला प्रधानन्याधीशलाई समेत ज्यानै मार्ने सम्मको धम्की दिएको आरोपमा मैले उनी विरुद्ध यसै अदालतमा दर्ता गरेको अपहेलनाको मुद्दामा भएको आदेशानुसार पक्राउ परी कैदमा लिईएका व्यक्ति समेत भएकाले प्रस्तुत मुद्दामा मेरो सार्थक सम्बन्ध र सरोकार रहेको छ । यसका साथै बालकृष्ण ढुंगेललाई सर्वश्व सहित जन्मकैदको सजाय भएको मुद्दा द्वन्द्वकालिन मानव अधिकारको गम्भीर उल्लंघन संग समेत सम्बन्धित भएकोले प्रस्तुत मुद्दा नेपालको संविधानको धारा १३३ (२)(३) बमोजिम सार्वजनिक सरोकारको विषय समेत हो । त्यसैले यस निवेदनका प्रकरण प्रकरणमा उठाइएका कुराका हकमा सार्वजनिक सरोकारको विषय भएकाले प्रस्तुत निवेदन गर्न मेरो हक पुगेकाले प्रस्तुत निवेदन गर्न आएको छु ।

२. विपक्षी मध्येका बालकृष्ण ढुंगेल सम्मानित सर्वोच्च अदालतबाट कर्तब्य ज्यान मुद्दामा दोषी ठहर भएका व्यक्ति हुन । उनले २०५५ साल असार १० गते ओखलढुंगाको पोकली गा.वि.स. वार्ड नं. २ लेती निवासी ४५ वर्षीय उज्जनकुमार श्रेष्ठलाई सोही जिल्लाको तारकेराबारी खहरे खोलामा हत्या गरेको ठहर गरी सम्मानीत सर्वोच्च अदालतको संयुक्त ईजलासबाट २०६६ पुस १९ गते सर्वस्व सहित जन्मकैदको सजाय गर्ने फैसला भएको थियो । उक्त सजायलाई माफी मिनाह दिनका लागी सरकारबाट राष्ट्रपति समक्ष सिफारिस भए तापनि मिति २०७२/०९/२३ मा सर्वोच्च अदालतको संबैधानिक ईजलासबाट सो सिफरिसलाई उत्प्रेषणको आदेशले बदर गरी संयुक्त ईजलासको उल्लेखित फैसलालाई कार्यन्वयन गर्नु गराउनु भनी विपक्षी मध्येका गृहमन्त्री, प्रहरी प्रधान कार्यालय र मन्त्रीपरिषद समेतका नाउँमा आदेश जारी भएको थियो ।

३. बिपक्षी बालकृष्ण ढुंगेललाई अदालतबाट तोकिएको कैद सजायलाई माफी मिनाह दिनका लागी गरेको उक्त सिफारिसलाई सर्वोच्चले बदर गरेपछि निज बालकृष्ण ढुंगेल बेपत्ता फरार भएका थिए । प्रहरीले पनि निजलाई फरार सूचीमा राखेको थियो । यस विचमा मुलुकमा विभिन्न दलका आठ वटा सरकार गठन भए तर पनि अदालतको सो फैसला कार्यान्वयनमा आउन सकेन । थन्किएर रहि रह्यो भने अर्को तर्फ निज ढुंगेल आफुले चाहेका विभिन्न राजनितीक कार्यक्रममा निशंकोच हिडिरहेका थिए । निजले आफुलाई जेल सजाय तोक्ने पूर्व प्रधानन्यायाधीश र सर्वोच्चका न्यायाधीशलाई समेत गम्भीर भौतिक कारवाही गर्ने  धम्की दिँदै हिडिरहेका थिए । यसै क्रममा २०७३ फागुन २९ गते निज ढुंगेलले रामेछाप जिल्लाको सैंपु गा. वि. स. मा हजारौ मानिसहरु जम्मा गरेर आफू विरुद्ध फैसला सुनाउने न्यायाधीशहरुको नाम लिदै न्यायधीशहरुलाई आपमान हुने अभिव्यक्ति दिएको र उनीहरु उपर भौतिक आक्रमण गर्ने जस्ता कुराहरु व्यक्त गरेको कुरा केही अनलाईन समाचारहरुमा आएको थियो । ती अनलाईनहरुमा ढुंगेलको धम्कीपूर्ण भाषणको श्रव्य दृश्यलाई टेप गरि राखिएको थियो (यस सम्बन्धमा मैले यस अघि दर्ता गरेको ०७३-AP-०३९० को अदालतको मानहानी मुद्दामा विस्तृत रुपमा उल्लेख गरेको छु) । त्यसपछि म निवेदकले त्यसैको आधारमा निज ढुंगेल विरुद्ध अदालतको अवहेलना मुद्दा दायर गरेको थिए र ढुंगेललाई ७ दिनभित्र पक्राउ गर्न २०७३ साल चैत ३१ गते सर्वोच्च अदालतको एकल इजलाशले प्रहरी महानिरीक्षकको नाउँमा वारेन्ट जारी गरेको थियो । त्यो आदेश पनि विभिन्न बाहानाबजी गरेर पन्छाउने काम मात्र भयो । तत्पश्चात कार्तिक ७ गते प्रहरी महानिरीक्षक प्रकाश अर्याल विरुद्ध पनि सर्वोच्च अदालतमा अवहेलना मुद्दा दायर गरेपछि निज बालकृष्ण ढुंगेल पक्राउ परे । निज ढुंगेललाई कर्तव्य ज्यानको कसुरमा कैदिको रुपमा र अदालतको अवहेलनाको मुद्दामा अभियुक्तको रुपमा राखिएको छ ।

४. गत साता देखि मुलुकका विभिन्न संचारमाध्यमहरुमा निज ढुंगेललाई बाँकी कैद मिनाहा गरी गणतन्त्र दिवसको अवसरमा छुटाउन लागीएको छ, यसको लागि कारागार कार्यालय डिल्लीबजारले कारागार नियमावलीको नियम २९ बमोजिम निज बालकृष्ण ढुंगेलको असल चाल चलनको कारण सजायमा ६० प्रतिशत छूट दिने सिफारिस गरेको छ भन्ने समाचारहरु सम्प्रेषण भएका छन् । सो कुराको पुष्टी डिल्लीबजार कारागारका जेलर अरुण कुमार पोखरेलले बिभिन्न संचार माध्यममा समेत व्यक्त गरेका छन् । प्रमुख राष्ट्रिय दैनिकहरुले डिल्लीबजार कारागारका जेलर एवं कारागार

बिभागका महानिर्देशक हरि प्रसाद मैनालीलाइ उदृत गर्दै प्रमुखताका साथ समाचारहरु प्रकाशित गरेका छन् । म निवेदक लामो समयदेखि कानून व्यवसाय गर्दै आएको एवं विधिको शासनप्रति पूर्ण रूपमा प्रतिबद्द रहेको छु । दण्डहिनताले विधिको शासन एवं न्यायलाइ पराजित गर्दछ भन्ने मेरो मान्यता रहेको छ । विधिको शासनको संरक्षण एव सम्बर्द्धनमा अदालतलाइ सहयोग गर्नु मैले आफ्नो कर्तब्य सम्झेको छु । यसै सन्दर्भमा सम्मानित अदालत समक्ष यो निवेदन लिएर उपस्थित भएको छु ।

५. निज बालकृष्ण ढुंगेललाइ रिहा गर्न लागिएको कुरा निम्न कारण एवं आधारले गैरकानूनी, बदनियतपूर्ण तथा न्यायका आधारभूत मूल्य मान्यताहरु विपरित हुने कुरा तल प्रकरण प्रकरणहरूमा उल्लेख गरेको छु ।

(क) विपक्षी बालकृष्ण ढुंगेललाइ कारागार नियमावली २०२० को नियम २९(१) बमोजिम असल चाल चलनको आधारमा ६० प्रतिशत सजायलाइ छोटयाउन खोजिदै छ । कानूनको यो सरासर बदनियतपूर्ण प्रयोग हो । यसबाट न्यायको मकसद एवं उद्देश्य पराजित हुनपुग्दछ । कानूनको विवेकसम्मत प्रयोग मात्र स्वीकार्य हुनसक्दछ । निज बालकृष्ण ढुंगेल सम्मानित सर्वोच्च अदालतबाट सर्वस्व सहित जन्म कैद भएपछि लामो समयसम्म न्यायलाइ छल्दै हिडेका व्यक्ति हुन । सर्वोच्च अदालतको फैसलालाइ सम्मान गर्नुको साटो निजले सार्वजनिक रूपमा सम्मानित सर्वोच्च अदालतका प्रधानन्यायधिशलाइ समेत भौतिक आक्रमण गर्ने धम्कि दिदै हिड्ने व्यक्ति हुन । एउटा निहत्था नागरिकको हत्या गर्ने, राजनीतिक आडमा सिंगो न्यायपालिकालाइ चुनौती दिदै भौतिक आक्रमण समेतको धम्कि दिने व्यक्ति पक्राउ परेको ६ महिना भित्रै असल चाल चलनको व्यक्तिको रूपमा रुपान्तरित भयो भन्ने कुरा पूर्ण रूपमा अविश्वसनीय एवं अपत्यारिलो छ । यसबाट दिउसै रात पार्न खोजिएको छ एवं दण्डहीनतालाइ संस्थागत गर्न खोजिदैछ । यो विधिको शासनको गम्भीर उपहास हो । कुनैपनि लोकतान्त्रिक एवं सभ्य समाजमा यस्तो कुरा स्वीकारयोग्य हुनसक्दैन । यस्तो किसिमको क्रियाकलापबाट विधिको शासन पराजित हुन पुग्दछ । राज्य नागरिक स्वतन्त्रता तथा विधिको शासनको अभिभावक हो । विधिको शासनको संरक्षण गर्नु राज्यको प्रथम दायित्व हो । राज्यका निकाय तथा अंगहरुले नै बिधिको शासनलाइ खण्डित गर्दै जानु एवं कानूनलाइ बदनियतपूर्ण तारिकाले प्रयोग गर्नु निश्चय नै दुर्भाग्यपूर्ण छ ।

(ख) कानूनको प्रयोग निहित स्वार्थबाट प्रेरित हुनु, कानूनको तर्कहीन प्रयोग गरिनु एवं कानूनको प्रयोग गर्दा अप्रासंगिक बिषयलाइ ध्यानमा राखेर अनुचित उद्देश्य पूर्ति गर्न खोज्नु कानूनद्धारा प्राप्त शक्ति वा प्राधिकारको ब्यापक दुरुपयोग हो । कानूनको स्वच्छ एवं विवेकसम्मत प्रयोग मात्र स्वीकार योग्य हुनसक्छ । एउटा लोकतान्त्रिक समाजले शक्ति वा प्राधिकारको दुरुपयोग गर्ने इजाजत प्रदान गर्दैन । कानूनले कुनै पदाधिकारीलाई यदि कुनै विवेकाधिकार प्रदान गरेको छ भने यसको प्रयोग स्वच्छ एवं विवेकसम्मत ढंगले जनहितलाइ बढावा दिने गरि गरिनु पर्दछ । जनहित बिपरित न्यायको आधारभूत उद्देश्यलाइ नै पराजित गर्ने गरि कानूनको प्रयोग गर्न मिल्दैन । यसै सम्बन्धमा लर्ड डेनिंग (Lord Denning) Breen V Amalgamated Engineering Union को मुद्दामा बोलेका छन "The discretion of a stautory body is never unfettered. It is a discretion which is to be exercised according to Law. That means at least this: the statutory body must be guided by relevant considerations and not by irrelevant. If its decision is influenced by extraneous considerations which it ought not to have taken into account, then the decision cannot stand. No matter that the statutory body may have acted in good faith nevertheless, the decision will be set aside. (1971) 2 Q.B. 175). त्यसैगरि प्रख्यात विधिशास्त्री Prof. De Smith ले यस सम्बन्धमा भनेका छन् "The concept of bad faith, eludes precise definition but in relation to the exercise of statutory powers, it may be said to comprise dishonestly or frauds and malice. A power is exercised fraudulently if its repository in--tends to achieve an object other than that for winch he believed the power to have been conferred". **(Judicial Review of Administrative Action, 535 (Fourth edition) (1980))**. यसै सन्दर्भमा भारतीय सर्वोच्च अदालतले एउटा चर्चित **State of Punjab and another V Guraial Singh & Others (1980) 2 S.C.C. 471)** मा सिद्दान्त प्रतिपादन गर्दै भनेको छ Bad Faith which invalidates the exercise of power which is also sometimes called colorable exercise or fraud on power and often times overlaps motives passions- is the attainment, of ends beyond the sanctioned purposes of power by simulation or pretension of gaining a legitimate goal, the action is bad where the true object is to reach an end from the one for which the power is entrusted, goaded by extraneous considerations or bad, but irrelevant to the entrustment. When the custodian of power is influenced in its exercise by considerations outside those for promotion of which the power is vested, the court calls it a colorable exercise and is end is

undeceived by illusion. Fraud on power voids the order if it is not exercised bona fide for the end-design. निज बालकृष्ण ढुंगेललाइ कानूनको धोखाधडीपूर्ण प्रयोगद्धारा रिहा गर्न खोजिदैछ । यो कानूनको अनुचित प्रयोग हो ।

(ग) सशस्त्र द्वन्द्वका दौरान निहत्था तथा निर्दोष नागरिकहरुको हत्या गर्नु युद्ध अपराधको कोटीमा पर्दछ । जेनेभा महासन्धिमा युद्द सम्बन्धि नियमहरुलाई संहिताबद्ध गरिएको छ । चारवटै महासन्धिको साझा धारा ३ गैरअन्तरार्ष्ट्रिय सशस्त्र संघर्षमा आकर्षित हुने धारा हो । जेनेभा महासन्धिको साझा धारा ३ ले गैर अन्तरार्ष्ट्रिय सशस्त्र संघर्षमा धेरै कुराहरुका अतिरिक्त निहत्था नागरिकहरुको हत्यालाई बर्जित घोषित गरेको छ । नेपाल जेनेभा महासन्धिको पक्ष राष्ट्र हो । नेपालको सन्धि ऐनको दफा ९ अनुसार नेपाल पक्ष भएको सन्धिका प्रावधानहरुले राष्ट्रिय कानूनको तुलनामा पनि उच्च स्थान पाउने कानूनी बन्दोबस्त गरेको छ । यस अर्थमा जेनेभा महासन्धिका प्रावधानहरु नेपालका लागि बाध्यात्मक प्रावधानहरु हुन । युद्ध अपराध गम्भीर प्रकृतिको अपराध हो तसर्थ यस्तो अपराधमा कुनै पनि अवस्थामा माफी वा क्षमादान दिन मिल्दैन । युद्ध अपराध जस्तो गम्भीर प्रकृतिको अपराधमा यदि सम्बन्धित देश (जहाँ अपराध घटेको छ) मा पीडकलाइ जवाफदेही बनाइएन वा प्रभावकारी दण्ड दिइएन भने यस सन्दर्भमा विश्वब्यापी क्षेत्राधिकार समेत आकर्षित हुन्छ । किनकि गम्भीर अपराधहरु अदण्डित रहनु हुदैन भन्ने अन्तरार्ष्ट्रिय मान्यता रहेको छ । यस्तो परिप्रेक्ष्यमा सशस्त्र द्वन्द्वका दौरान निर्दोष निहत्था नागरिकको हत्यामा अन्तिम तहको अदालतबाट दोषी ठहर भएका व्यक्तिलाई सजायको मात्रामा ६० प्रतिशत छुट दिइनु राष्ट्रिय तथा अन्तरार्ष्ट्रिय न्यायिक मापदण्ड एवं विधिको शासनको गम्भीर उल्लङ्घन हो । निज बालकृष्ण ढुंगेलले गरेको अपराध जघन्यतम् युद्ध अपराधको कोटिमा पर्दछ । यस्तो अपराधिक कृत्यमा सजायमा ब्यापक छुट दिइनु भनेको परिणाममा यस्तो अपराधिक कृत्यलाइ पूर्ण रुपमा उन्मुक्ति प्रदान गर्नु हो र दण्डहिनतालाई संस्थागत गर्नु हो । जुन कार्यलाइ कानूनले प्रत्यक्ष रूपमा रोकेको हुन्छ त्यस कार्यलाई अप्रत्यक्ष रूपमा सम्पन्न गर्ने कानूनले अनुमति प्रदान गरेको छ भनि अनुमान गर्नु भनेको न्यायिक प्रणालीको उपहास गर्नु हो । जेनेभा महासन्धिको साझा धारा ३ मा भनिएको छ : In the case of armed conflict not of an

international character occurring in the territory of one of the High Contracting Parties, each Party to the conflict shall be bound to apply, as a minimum, the following provisions: (1) Persons taking no active part in the hostilities, including members of armed forces who have laid down their arms and those placed ' hors de combat ' by sickness, wounds, detention, or any other cause, shall in all circumstances be treated humanely, without any adverse distinction founded on race, colour, religion or faith, sex, birth or wealth, or any other similar criteria.

To this end, the following acts are and shall remain prohibited at any time and in any place whatsoever with respect to the above-mentioned persons: (a) violence to life and person, in particular murder of all kinds, mutilation, cruel treatment and torture; (b) taking of hostages; (c) outrages upon personal dignity, in particular humiliating and degrading treatment; (d) the passing of sentences and the carrying out of executions without previous judgment pronounced by a regularly constituted court, affording all the judicial guarantees which are recognized as indispensable by civilized peoples. (2) The wounded and sick shall be collected and cared for.

(घ) निज बालकृष्ण ढुंगेल अदालतको अवहेलना मुद्दाको दौरानमा सम्मानित सर्वोच्च अदालतबाट सात दिन भित्र गिरफ्तार गर्नु भन्ने आधारमा गिरफ्तार भएका हुन । निजलाई गिरफ्तार गर्न वारेन्ट जारि गर्दै सम्मानित सर्वोच्च अदालतले मिति २०७३/१२/३१ को आदेशमा स्पष्ट रूपमा स्वतन्त्र न्यायपालिकाको अस्मिता एवं विधिको शासनको रक्षाको लागि पीडित तथा समाज समेतको लागि खतरा बनि फरार रहेका निजलाइ पक्राउ गर्न आवश्यक देखिदा निजलाई पक्राउ गर्न वारेन्ट जारि गरिएको' कुरा उल्लेख गरिएको छ । सम्मानित सर्वोच्च अदालतले निज बालकृष्ण ढुंगेललाइ' पीडित तथा समाजको लागि खतरा' भन्ने ठहर गरेको छ । एउटा व्यक्ति जसलाई सम्मानित अदालतले 'पिडित तथा समाजको लागि खतरा' भनेर ठहर गरेको छ । कर्तब्य ज्यान मुद्दामा अन्तिम तहको अदालतबाट दोषी प्रमाणित भैसकेको छ एवं सम्मानित सर्वोच्च अदालतका प्रधानन्यायाधिशज्युलाई समेत भौतिक आक्रमणको धम्कि दिन्छ भने त्यस्तो व्यक्तिलाई सजायमा ब्यापक छुट दिईने कुरा कुनै अवस्थामा पनि न्याय एवं समाजको हितमा हुदैन । निजको बिरुद्ध अहिले पनि अदालतको अवहेलना मुद्दा विचाराधीन नै छ । राजनीतिक दबाबको भरमा 'असल चालचलन' भनि छुट दिइने कुराबाट कुनैपनि अर्थमा न्याय तथा यस सम्बन्धमा भएको कानुनी व्यवस्थाको मकसद पूरा हुदैन ।

(ङ) कारागार नियमावलीको नियम २९ मा गरिएको “आवश्यक देखेमा” र “उपयुक्त लागेमा” भन्ने शब्दहरुले तोकिएको कैद सजाय छोट्याउने वा माफी मिनाहको लागि राय दिने, सिफारीस गर्ने वा निर्णय गर्ने अधिकारीले कुनै कैदीलाई तोकिएको कैद सजाय छोट्याउन वा माफी मिनाह दिन राय सिफारीस पेश गर्दा वा सो बारे निर्णय गर्दा त्यसो गर्नु आवश्यक एवं उपयुक्त थियो भन्ने कुराको कानूनी तर्कसंगत आधारहरु दिनुपर्ने हुन्छ । बालकृष्ण ढुंगेललाई तोकिएको कैद सजाय छोट्याउन कारागार कार्यालय डिल्लीबजारका जेलरले आवश्यक देखु पछाडीका कारणहरु न्यायोचित छैनन् । एकजना सर्वसाधरण एवं निर्दोष व्यक्तिलाई घेराहाली कब्जामा लिई टाउकोमा गोलीहानी निर्मम तरिकाले हत्या गर्ने र लासलाई खोलामा फाल्ने जस्तो गम्भीर अपराधमा सर्वश्व सहित जन्मकैद पाएका ढुंगेलको कैद सजाय छोट्याउनु आवश्यक रहेको भन्ने कुराको पुष्टी हुनै सक्दैन् । यस बाहेक ढुंगेल सर्वोच्चको फैसलालाई अनादर गरी लामो समय फरार रहनुका साथै उल्टै आफु विरुद्ध फैसला गरेको भनि सर्वोच्च न्यायलय, तत्कालिन प्रधान न्यायाधीश, न्यायाधीश, मुद्दामा संलग्न कानून व्यवसायी र पीडित परिवारलाई खुलेआम रुपमा निकृष्ट गालीगलौज गर्नुका साथै ज्यानै लिने सम्मको धम्की दिदै आएका व्यक्ति हुन । अतः ढुंगेलको कैदसजाय छोट्याउने वा उनलाई तोकिएको सजाय माफी मिनाह गरी कैदमुक्त गर्नु आवश्यक देखिदैन र उपयुक्त पनि छैन् ।

(च) त्यसैंगरी माफीको अवधारणा अन्तरगत कसुरको स्वीकारोक्ती, पश्चताप र क्षमायाचना अनिवार्य तत्वहरु हुन् । विपक्षी बालकृष्णले कसुर स्विकार गरेका छैनन् । हालसम्म उनले कसुर गरेको कुरामा पश्चाताप र पीडितसंग क्षमायाचना पनि गरेका छैनन् । यस्तो अवस्थामा सरकारले निर्णय गरी बालकृष्ण ढुंगेललाई माफी मिनाहा दिन मिल्दैन । साथै यस सम्मानित अदालतको सबैधानिक अदालतवाट भएको फैसला अनुसार हालसम्म माफी मिनाह सम्वन्धी कानून समेत वनेको अवस्था छैन । अत : यस्तो अवस्थामा बालकृष्ण ढुंगेललाई माफी मिनाह दिने भनि विपक्षी कारागार कार्यालय डिल्ली बजारले गरेको राय सिफारीस कैद सजाय माफी दिन पाउन गरीनु पर्ने कसुर प्रतिको स्विकारोक्ति, पश्चताप र क्षमायाचना जस्ता न्यूनतम् प्रकृया समेतको विपरित भएकाले उक्त सिफारिस गैर सबैधानिक, गैरकानूनी र संबैधानिक

इजलासवाट यिनै वालकृष्ण ढुङ्गेललाइ माफी दिने गरि नेपाल सरकारले गरेको निर्णय उपर भएको आदेश विपरित रहेको छ।

६. अतः माथी उल्लेख गरिएको आधार र कारणबाट निज बालकृष्ण ढुंगेललाई सजायमा ६० प्रतिशत छुट दिइएमा विधिको शासन पराजित हुने, पीडितको प्रभावकारी उपचारको हक कुण्ठित हुने एवं पीडितको संविधानको धारा १६ द्धारा व्यवस्थित हकमा आघात पुग्न जाने हुदा मौलिक हक र कानूनी हकको निन्तरता होस र यस सम्मानित अदालतवाट प्रतिपादित सिद्धान्त अनुसार कानून वनाएर मात्र माफी मिनाहका काम कारवाही होस भन्ने पवित्र उद्देश्य राखी अन्य उपचारको अभावमा यो सार्वजनिक सरोकारको रिट निवेदन पेश गरेको छु । संविधानको धारा १३३(२)(३) बमोजिम डिल्लीबजार कारागारको सिफारिस र सो शिफारीसका आधारबाट भएका सपुर्ण काम कारवाहीहरु उत्प्रेषणको आदेश द्धारा बदर गरि सो सिफारिसको आधारमा निजको रिहाइ नगर्नु नगराउनु भनि बिपक्षीहरुका नाममा प्रतिषेधको आदेश जारि गरि पाउ ।

७. माथिको प्रकरणहरुमा उल्लेख गरिए बमोजिम विपक्षीहरुको काम कारवाही तत्काले यथास्थीतिमा नराखिएमा विपक्षी अदालती प्रकृयाबाट उम्कने, अदालती प्रकृया निश्प्रभावकारी हुने भई पिडित एवं समाज समेतलाई खतरा भै अपुरणिय क्षति पुग्ने अवस्था हुँने हँदा यो रिट निवेदनको अन्तिम टुङ्गो नलागेसम्म विपक्षी बालकृष्ण ढुंगेलको कैद सजायमा छुट दिने, माफी मिनाह गर्ने वा निजलाई कैदबाट मुक्त गर्ने कार्य नगर्नु नगराउनु एवं यस सम्बन्धि कुनै प्रकृया अघि नबढाउनु भनि सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम अन्तरिम आदेश समेत जारी गरी पाउँ । साथै सिफारिस कार्यान्वयनको प्रकृया अत्यन्त तिब्र गतिमा बढिरहेको सन्दर्भमा बिषय बस्तुको गम्भीरतालाइ ध्यानमा राखी आजकै मितिमै सुनुवाइको लागि आजै इजलास समक्ष प्रस्तूत गरि पाउ । विश्वका धेरै लोकतान्त्रिक प्रणालीहरुमा यस किसिमको प्रचलन एवं अभ्यास रही आएको छ ।

७. यो मुद्दा यस भन्दा अघि मैले दर्ता गरेको अदालतको अवहेलना सम्बन्धी मुद्दा ०७३-AP-०३९० सम्बन्धीत भएको हुँदा यो निवेदन पत्रलाई पनि अदालतको अवहेलना सम्बन्धी मुद्दा संग राखी सुनवाई गरी पाऊ ।

८. संलग्न कागजातहरु :-

(क) सम्मानित सर्वोच्च अदालतको मिति २०७३/१२/३१ को आदेश ।

(ख) ओखलढुंगा जिल्ला अदालतबाट मिति २०६१/०१/२८ मा भएको फैसला थान १

(ग) सर्वोच्च अदालतबाट मिति २०६६/०९/१९ मा भएको फैसला थान १

(घ) नागरिक पत्रिकामा प्रकाशित समाचारको प्रतिलिपी थान १

(ङ) दि हिमालयन टाईम्समा प्रकाशित समाचारको प्रतिलिपी थान १

९. यो रिट निवेदन दर्ता गर्न हाल कानून व्यवसायी मुकरर गरेको छैन ।

१०. सर्वोच्च अदालत नियमावली २०४९ को नियम ४०(ख) बमोजिम यो रिट निवेदन अन्यत्र समानान्तर अधिकार प्रयोग गरेको छैन ।

११. यो निवेदनपत्रमा लेखिएको व्यहोरा ठीक साँचो छ । झुठ्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

निवेदक

बरिष्ठ अधिवक्ता दिनेश त्रिपाठी

इति संवत् २०७५ साल जेष्ठ १० गते रोज ५ शुभम् ..........................................।